जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३४ अंक ११० २०८१ साल मंसिर ११ गते मंगलबार (26 Nov. 2024 Tuesday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : सामा चकेवा पर्वः दिदी-बहिनी... ३ पृष्ठमा : जलवायु परिवर्तन प्रभावको ... ३ पृष्ठमायुक्रेनी अपार्टमेन्टमा भएको..

## लैङ्गिक हिंसा बिरुद्धको १६ दिने अभियान सुरु



**दैनिक समाचारदाता**
**राजविराज, १० मंसिर ।**

"हामी सबैको प्रतिबद्धता, लैङ्गिक हिंसा अन्त्यका लागि एक्यबद्धता" नाराका साथ लैङ्गिक हिंसा बिरुद्धको १६ दिने अभियान सोमबारदेखी सुरु भएको छ । लैङ्गिक हिंसाका गतिविधि नियन्त्रण गर्ने अभियान स्वरुप सुरु भएको अभियान मंसिर २५ गतेसम्म चल्ने छ ।

अभियानको पहिलो दिन राजविराजमा राजविराज नगरपालिका, जिल्ला प्रहरी कार्यालय, सबल नेपाल, सेभ द सप्तरी, सेभ द चिल्ड्रेन, सशस्त्र प्रहरी बल नेपाल नं ६ गण हेडक्वाटर सप्तरी, युनाइटेड डेभलपमेन्ट नेपाल, सामुदायिक सेवा मञ्च, महिला, बालबालिका तथा जेष्ठ नागरिक सेवा केन्द्र लगायतका संघ संस्थाको अगुवाईमा प्रभातफेरी र सचेतनामूलक न्यालीको आयोजना गरिएको छ ।

जिल्ला समन्वय समितिको प्राङ्गणबाट निस्केको प्रभातफेरी र न्याली नगरको विभिन्न भागको परिक्रमा पश्चात् पुनः सोही स्थानमा पुगी सभामा परिणत भएको थियो ।

सभालाई जिल्ला समन्वय समिति सप्तरीका सभापति शिवनारायण साह, राजविराज नगरपालिकाका कार्यवाहक नगर प्रमुख इसरत परविन, प्रमुख जिल्ला अधिकारी भोला दाहाल, प्रहरी उपरिक्षक ढकेन्द्र खतिवडालगायतले सम्बोधन गर्दै यो अभियान सबैको साझा अभियान भएकाले सबै मिलेर सफल बनाउनु पर्नेमा जोड दिएका थिए ।

अभियान अन्तरगत लैङ्गिक हिंसा न्यूनिकरणका लागि आम नागरिकमा सचेतना अभिबृद्धि गर्न विभिन्न संघ संस्थासँग सहकार्य गरी सचेतनामूलक कार्यक्रमहरु गरिने जनाइएको छ । लैङ्गिक हिंसा सम्बन्धी विभिन्न सचेतनामूलक कार्यक्रमका साथै न्युनिकरण गर्ने उद्देश्यले प्रत्येक वर्ष महिला हिंसा बिरुद्धको १६ दिने अभियान मुलुकभर नै संचालन हुने गरेको छ ।

## अपाङ्गता भएका व्यक्तिलाई नेतृत्व तथा क्षमता विकास तालिम



**दैनिक समाचारदाता**
**राजविराज, १० मंसिर ।**

बौद्धिक अपाङ्गता भएका व्यक्तिका अभिभावक तथा त्यस क्षेत्रमा कार्यरत संघ-संस्थाका पदाधिकारीलाई लक्षित गरी राजविराजमा सोमबारदेखी दुई दिने सीप, क्षमता र नेतृत्व विकासका लागि तालिम सुरु भएको छ ।

बौद्धिक अपाङ्गता अभिभावक महासंघ केन्द्रिय समिति काठमाडौंद्वारा संघको राजविराज शाखाको समन्वयमा तालिमको आयोजना गरिएको हो ।

दुई दिने तालिममा सहभागीहरुबाट टोली निर्माण गरी लक्ष्य निर्धारण, द्वन्द व्यवस्थापन, नेतृत्व प्रस्तुती, प्रस्तावना लेखन, नेतृत्व विकास, सीप र क्षमता लगायतका विषयमा प्रशिक्षण दिइने बौद्धिक अपाङ्गता अभिभावक संघका व्यवस्थापक

*बाँकी अन्तिम पृष्ठमा*

## भन्सार दर घटेपछि सुन र चाँदीको मूल्य घट्यो

काठमाडौँ, १० मङ्सिर (रासस) ।

सरकारले भन्सार दर घटाएपछि सुन र चाँदीको मूल्य घटेको छ । आइतबार प्रतितोला रू एक लाख ६७ हजार दुई सयमा कारोबार भएकामा सोमबार घटेर प्रतितोला रू एक लाख ५१ हजार तीन सय कायम भएको नेपाल सुनचाँदी व्यवसायी महासङ्घले जनाएको छ ।

त्यस्तै, चाँदीको मूल्य आइतबार प्रतितोला रू एक हजार नौ सय ६० मा कायम भएकामा सोमबार घटेर

*बाँकी अन्तिम पृष्ठमा*

**श्री सिद्धार्थ गौतम बुद्ध यातायात सेवा केन्द्र प्रालिद्वारा संचालित**

**हुलाकी मार्गबाट राजविराजदेखी सिरहा माडर सम्म बस, मिनि बस, माइक्रो, विंगर, म्याजिक**

राजविराज, बोदेबरसाइन, भगवानपुर, बरियारपट्टी हुँदै सिरहा माडरसम्मको आरामदायी यात्राका लागि हामीलाई सम्पर्क गर्नुहोस् ।

**यातायात संचालन हुने स्थान**

राजविराज राम मन्दिरको छेउमा सिरहा रोड

**सम्पर्क व्यक्ति**

**मन्त्रि यादव**
सम्पर्क नं. ९८१९९५३७७७

**अमरेन्द्र बर्मा**
९८०७७१६९५४

**शम्भु प्रसाद यादव**
९८०७७९३८२२

**खुशीको खबर ! खुशीको खबर ॥**

**राजविराजबाट सिरहा माडरसम्मको आरामदायी यात्राका लागि**

सिरहा रोड राजविराजस्थित राम मन्दिरदेखी बोदेबरसाइन, भगवानपुर, बरियारपट्टी हुलाकी सडक हुँदै सिरहा माडरका लागि यही कात्तिक २३ गतेदेखी **विंगर** संचालन भएको जानकारी गराइन्छ ।

**सम्पर्क व्यक्ति**

**गुलाब यादव**
सम्पर्क नं. ९८०५९००५११

**एड्स तथा यौन रोगबाट बच्न र बचाउन**

➢सुरक्षित यौन सम्पर्क गरौं,
➢यौन सम्पर्क गर्दा कण्डमको प्रयोग गरौं,
➢विषाणुरहित रगत तथा सुईको मात्र प्रयोग गरौं,
➢एच.आई.भि. नियमित परिक्षण गरौं,
➢यौन रोगको लक्षण देखिएमा चिकित्सकसँग परामर्श गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### अन्य दिन पनि सक्रियता बढाउनु पर्ने आवश्यकता

हरेक वर्ष नोभेम्बर २५ देखि डिसेम्बर १० सम्म विश्वभर मनाइने लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान सुरु भएको छ । 'लैङ्गिक हिंसा मानव अधिकारको हनन् विषयमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा जनचेतना विस्तार गर्न नेपालले पनि हरेक वर्ष नोभेम्बर २५ तारिखमा महिला हिंसा विरुद्धको राष्ट्रिय अभियान दिवसका रूपमा मनाउने गरेको छ । सन् १९८० को दशकदेखि नै विभिन्न मुलुकले महिलामाथि हुने हिंसा विरुद्धको दिवस मनाउँदै आएको भए पनि सन् १९९९ मा संयुक्त राष्ट्रसङ्घले अनुमोदन गरेपछि महिलामाथि हुने हिंसा विरुद्धको विभिन्न अभियान सुरु भएको पाइन्छ ।

नेपालमा यो दिवस सन् १९९७ देखि विभिन्न कार्यक्रमको आयोजना गरी मनाउन थालिएता पनि विसं २०७५ कात्तिक २९ गतेको मन्त्रिपरिषद्को बैठकले हरेक वर्ष नोभम्बर २५ तारिखलाई महिला हिंसा विरुद्धको १६ दिने अभियान दिवसका रूपमा मनाउने घोषणा गरेको थियो । महिलामाथि हुने हिंसाविरुद्ध व्यापक जनचेतना जगाउने र समस्याको पहिचान गरी समाधानका लागि राज्यलाई कानुनी आधार तय गर्न सहकार्य गर्नु, लैङ्गिक हिंसा विरुद्ध पुरुषको सहकार्यलाई अभिवृद्धि गर्नु, लैङ्गिक समानता तथा सामाजिक न्यायका क्षेत्रमा काम गर्ने अधिकारकर्मीबीच ऐक्यबद्धता गर्नु, लैङ्गिक हिंसाका विविध आयाममा रणनीतिक छलफल गर्नु १६ दिने अभियानका मुख्य उद्देश्य रहेका छन् ।

यसको प्रभावकारी कार्यान्वयन गर्ने उद्देश्यले सबै समुदायदेखि तहसम्म विभिन्न गतिविधि र कार्यक्रम गरी यो दिवस मनाउन थालिएको हो । तसर्थ लैङ्किक हिंसा उन्मुलनका लागि हरेक व्यक्तिले अभियानसँग जुटेर अन्य दिन पनि सक्रियता बढाउनु पर्ने आवश्यकता रहेको छ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# वाणिज्य क्षेत्रका समस्या र सरकारको पहल

**आनन्द भट्ट**

काठमाडौं, १० मङसिर (रासस) ।

नेपालको वाणिज्य क्षेत्रले बहुआयामिक चुनौतीको सामना गरिरहेको छ । उत्पादन, निर्यात र व्यापार सहजीकरणमा देखिएका समस्याहरूले व्यापार वातावरणलाई प्रभावित पारिरहेका छन् । कर नीति, भूमि व्यवस्थापन, व्यापार पूर्वाधारको अभाव र व्यापार साझेदार मुलुकहरूसँगको समन्वयमा देखिएको कमजोरी मुख्य चुनौतीका रूपमा देखिएका छन् ।

नेपालको भन्सार तथा कर नीतिले उत्पादन र निर्यातलाई प्रोत्साहन गर्नुपर्ने देखिएको छ । कच्चापदार्थमा बढी भन्सार शुल्कले उत्पादन लागत वृद्धि गरेको छभने तयारी वस्तुको प्रतिस्पर्धात्मकता कमजोर भएको छ । भूमि व्यवस्थापनका समस्याले कृषि उत्पादन लागत बढाउनाका साथै औद्योगिक विकासका लागि आवश्यक जग्गा उपलब्ध गराउन कठिनाइ गरेको छ । जग्गाको खण्डीकरणको कारण कृषि उत्पादन लागत बढी हुनु, औद्योगिक विकासका लागि जग्गा प्राप्तिमा कठिनाइ (मूल्य र प्रक्रिया) हुनु र जग्गा वर्गीकरणको प्रावधानको प्रभावकारी कार्यान्वयन नहुनु जस्ता समस्या यथावत् छन् ।

यस्तै, व्यापारजन्य पूर्वाधार (सडक, गोदाम, प्रयोगशाला, सङ्कलन केन्द्र) को अभाव, अत्यधिक खर्च र उत्पादित वस्तुको गुणस्तर परीक्षण गर्ने मान्यता प्राप्त प्रयोगशालाको कमीले समस्या थपिएको छ । गन्तव्य मुलुकहरूले लागू गरेका गुणस्तर र स्वास्थ्य मापदण्ड पूरा गर्न नसक्दा नेपाली वस्तु निर्यात प्रभावित भएको छ । साथै, नेपाललाई उपलब्ध अतिकम विकसित राष्ट्रको व्यापार सहुलियतको अधिकतम उपयोग र आगामी विकासशील राष्ट्रमा स्तरोन्नतिपछि व्यापार क्षेत्रमा पर्न सक्ने असर न्यूनीकरण गर्न पर्याप्त तयारी नभएको अवस्था छ ।

उत्पादनलाई सहयोग पुग्नेगरी अनुदान व्यवस्थापन गर्न नसकिनु अर्को समस्या हो । अनुदानका लागि सरकारले निकै कम बजेट विनियोजन गर्ने गरेको छ । त्यस्तै, मौद्रिक नीतिले औद्योगिक विकास र निर्यात प्रवर्द्धनलाई पर्याप्त मात्रामा प्राथमिकता दिन सकेको छैन । औद्योगिक विकास र निर्यात प्रवर्द्धनको विषय प्रदेश र स्थानीय तहको नीतिगत प्राथमिकतामा पर्न सकेको छैन । प्रमुख निर्यातजन्य वस्तुको उत्पादन र निर्यात प्रवर्द्धनमा सम्बन्धित निकायहरूबाट पर्याप्त मात्रामा समन्वय र सहयोग भएको देखिँदैन । उदाहरणका लागि, हाम्रो वनसम्बन्धी कानुन निकै संरक्षणमुखी रहेको भनेर आलोचना हुने गरेको छ ।

साधारण खर्च अत्यधिक हुनु, नेपाली उत्पादन प्रतिस्पर्धी हुन नसक्नु, निर्यातजन्य वस्तुहरूको सङ्ख्या र उत्पादन परिमाण सीमित हुनु, उत्पादित वस्तुको गुणस्तर परीक्षण गर्ने मान्यता प्राप्त प्रयोगशालाको कमी हुनुजस्ता अनेक समस्या नेपालको वाणिज्य क्षेत्रले भोगिरहेको छ । 'प्याकेजिङ, लेबलिङ, ब्रान्डिङ' पक्ष कमजोर भई अन्तर्राष्ट्रिय बजारमा बजारीकरण गर्न नसक्नु पनि अर्को समस्या रहेको छ ।

विदेशस्थित नेपाली नियोगहरूलाई निर्यात प्रवर्द्धन र वैदेशिक लगानी आकर्षणमा प्रभावकारी रूपमा परिचालन गर्न नसकिनु, निर्यात सम्भाव्य बजारको पर्याप्त सूचना सङ्कलन र विश्लेषण कमजोर हुनु, व्यापारजन्य बौद्धिक सम्पत्तिको (ट्रेड मार्क)को उचित संरक्षण नहुनुलगायतका विषयहरू पनि पेचिलो रूपमा देखिएका छन् ।

अत्यावश्यक वस्तु तथा सेवाको उत्पादन, उपभोग, आयात र मौज्दातको यथार्थपरक तथ्याङ्को कमी छ । कृषिजन्य तथा अन्य उपभोग्य वस्तुको उत्पादन र उत्पादकत्व वृद्धि हुन सकेको छैन । स्थानीयस्तरमा उत्पादन भएका वस्तुको सहज बजार पहुँच तथा बिक्री सुनिश्चितता गर्न सकिएको छैन । उदाहरणका लागि तरकारी, दूध, फलफूललगायतका छिट्टै बिग्रने वस्तु बिक्री नभएर नष्ट गर्नु परेको समाचारहरू आउने गरेका छन् ।

आन्तरिक आपूर्ति शृङ्खला पारदर्शी र पूर्वानुमानयोग्य छैन । उत्पादक र उपभोक्ताबीच अनावश्यक रूपमा बिचौलिया हाबी हुँदा उत्पादकले कम मूल्यमा बिक्री गर्नुपर्ने र उपभोक्ताले उच्च मूल्यमा खरिद गर्नुपर्ने अवस्था छ । स्थानीय स्तरमा सङ्कलन तथा भण्डारण गृह र शीतभण्डारको उचित व्यवस्थापन गर्न सकिएको छैन । व्यापार साझेदार मुलुकका अत्यावश्यक वस्तुको निर्यात नीतिमा हुने परिवर्तनले पनि नेपालको वैदेशिक व्यापारलाई प्रभावित तुल्याउने गरेको छ । नेपालको व्यापार साझेदार मुलुकले निर्यात रोक्दा आपूर्ति असहज हुने र अनुदान दिँदा स्वदेशी उत्पादन निरुत्साहित हुने गरेको देखिन्छ ।

विश्वका ठूला अर्थतन्त्रबीच हुने व्यापार द्वन्द्व, विभिन्न भूभागमा जारी युद्ध जस्ता कारणले आयातीत वस्तुको अभाव र मूल्य वृद्धि हुने गरेको छ । विकसित र विकासोन्मुख मुलुकले नेपालजस्ता अतिकम विकसित मुलुकलाई उपलब्ध गराएका सहुलियतको उपयोग गर्न सकिएको छैन । यी अनेक समस्याका बाबजुद केही समाधानका प्रयासहरू पनि भइरहेका छन् । समग्र नतिजा देखिन केही समय भने लाग्नेछ ।

**समस्या समाधानका लागि भएका प्रयास**

वाणिज्य क्षेत्रलाई व्यवस्थित बनाउन सरकारले विभिन्न पहलहरू अघि सारेको छ । अमेरिकासँग व्यापार तथा लगानी सम्झौता परिषद्को सातौँ बैठक काठमाडौँमा आयोजना भई नेपाललाई हाल प्राप्त भइरहेको व्यापार सहुलियत विस्तार एवम् निरन्तरताका लागि पहल भएको छ । वाणिज्य नीति, २०८१ स्वीकृतिका लागि मन्त्रिपरिषद्मा पेस भई स्वीकृतिको प्रक्रियामा रहेको छ । विश्व व्यापार सङ्गठनबाट गरिने नेपालको तेस्रो व्यापार नीति पुनरावलोकनको पूर्वतयारीको लागि सरोकारवाला सम्पूर्ण निकायहरूको उपस्थितिमा विश्व व्यापार सङ्गठनबाट आएको मिसनसँग बृहत छलफल तथा अन्तरक्रिया सम्पन्न भएको छ । पुरानो निकासी पैठारी ऐनलाई प्रतिस्थापन गरी नयाँ ऐन बनाउन उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले विधेयक मन्त्रिपरिषद्मा पेस गरेको छ । निर्यातमा नगद अनुदान प्रदान गर्ने कार्यविधि स्वीकृत गर्न मन्त्रिपरिषद्मा पेस भएको छ । विद्युतीय व्यापारसम्बन्धी विधेयक राष्ट्रियसभाबाट पास भई प्रतिनिधिसभामा विचाराधीन छ ।

नेपाल-भारत वाणिज्य सचिवस्तरीय अन्तरसरकारी समितिको बैठक आयोजना गर्न आवश्यक तयारी भइरहेको छ । नेपाल-चीनबीचको तिब्बत सरकारको सचिवस्तरीय द्विपक्षीय सीमानाका सहयोगसम्बन्धी बैठक यही मङसिर १३ गते काठमाडौँमा बस्दैछ भने अष्ट्रेलियासँग व्यापार तथा लगानी समितिको बैठक आयोजना गर्ने तयारी पनि भइरहेको छ ।

दोधारा चाँदनीमा एकीकृत जाँच चौकी निर्माणका लागि सम्झौता गरी निर्माण कार्य शुरु गर्ने तयारी भइरहेको छ । यसबाट पश्चिम क्षेत्रबाट हुने अन्तर्राष्ट्रिय व्यापारमा सहजीकरण हुने अपेक्षा गरिएको छ । कोरला नाकामा सुख्खा बन्दरगाह निर्माणको लागि चिनीयाँ पक्षबाट डिपिआर तयार गरी निर्माण कार्यमा आर्थिक सहयोग उपलब्ध गराइदिन पहल भइरहेको छ । नेपाल व्यापार एकीकृत रणनीति, २०८० को कार्यक्रम स्वीकृति तथा बजेट बाँडफाँट गरी सम्बन्धित निकायमा अख्तियारी पठाइएको छ । राष्ट्रिय व्यापार सहजीकरण समितिको बैठक आयोजना भई व्यापारसम्बन्धी देखिएका समस्या समाधान गर्ने पहल भइरहेको छ । यसो गर्नसके समग्र व्यापार सहजीकरण भई नेपालको वस्तु अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धी बन्न सहयोग पुग्नेछ ।

त्यस्तै, विदेशस्थित नेपाली नियोगहरूसँग व्यापार तथा लगानीका सम्बन्धमा भर्चुअल माध्यमद्वारा नियमित छलफल कार्यक्रम आयोजना हुन लागेको छ । यसले बजार पहुँच, निर्यात प्रवर्द्धन र वैदेशिक लगानी वृद्धि हुने अपेक्षा छ । त्यस्तै, गैरआवासीय नेपालीसँग नेपालको निर्यात प्रवर्द्धन र नेपालमा लगानी भित्र्याउने सम्बन्धमा भर्चुअल माध्यमद्वारा छलफल कार्यक्रम आयोजना हुन लागेको छ । व्यापार घाटा न्यूनीकरण सम्बन्धी राष्ट्रिय कार्ययोजनाको प्रभावकारी कार्यान्वयन गर्न सरोकारवाला निकायहरूसँग समन्वय भइरहेको छ ।

**आगामी कार्यदिशा**

नेपालले व्यापार क्षेत्रमा देखिएका समस्या समाधानका लागि द्विपक्षीय संयन्त्रको क्रियाशीलतामा जोड दिएको छ । प्रमुख निर्यात गन्तव्य मुलुकहरूसँग द्विपक्षीय सम्झौतालाई पुनरावलोकन गरी नेपालको हितमा बनाउने तयारी र गृहकार्य गरिनेछ । बहुपक्षीय व्यापार प्रणालीको अधिकतम् उपयोग गर्न विश्व व्यापार सङ्गठनसँग वार्ता तथा पैरवी गरिनेछ । व्यापार पूर्वाधार विकासका लागि सुख्खा बन्दरगाह, गोदाम र पार्किङ क्षेत्र निर्माण योजनामा छ । यस्तै, व्यापार प्रवर्द्धनका लागि डिजिटल प्रणालीलाई प्रवर्द्धन गरिने, विदेशी बजारका मापदण्डहरू अध्ययन गरी अनुकूल उत्पादन बढाइने र निर्यात क्षमता अभिवृद्धि गर्न निजी क्षेत्रलाई तालिम प्रदान गरिनेछ ।

नेपाल-भारत व्यापार सन्धि पुनरावलोकनका लागि चौथो चरणको वार्ता गरी अन्तिम रूप दिने र पारवहन सन्धि पुनरावलोकनका लागि प्रस्तावित 'लेटर अफ एक्सचेञ्ज' लाई अन्तिम रूप दिने तयारी भइरहेको छ । नेपालको दोस्रो ठूलो वैदेशिक व्यापार गर्ने मुलुक चीनसँगको व्यापार तथा भुक्तानी सम्झौता पुनरावलोकन प्रक्रि भ्गी यामा रहेको छ । त्यस्तै, नेपाल चीन सीमा व्यापार समन्वय संयन्त्रको सचिवस्तरीय बैठक र नेपाल चीनको तिब्बत व्यापार सहजीकरण समितिको बैठक चाँडै बस्नेगरी तयारी थालिएको छ ।

दक्षिण कोरियासँग व्यापार तथा लगानीसम्बन्धी खाका समझदारीपत्रमा हस्ताक्षर गर्ने र भियतनामसँग व्यापार तथा लगानी सम्झौता गर्ने तयारी पनि सरकारको छ । नेपाल-बङ्गलादेश बीचका द्विपक्षीय व्यापार संयन्त्रको नियमित बैठक गर्ने प्रयास भइरहेको छ । बङ्गलादेशसँग सौविध्यपूर्ण व्यापार सम्झौताका लागि र भूटानसँग व्यापार सम्झौताको वार्ता गर्ने तयारी छ ।

विभिन्न क्षेत्रीय तथा उपक्षेत्रीय संयन्त्रमा सहभागिता जनाउने विषय पनि सरकारको उत्तिकै प्राथमिकतामा छ । साफ्टाअन्तर्गतका संयन्त्रको बैठक आयोजना गर्ने तथा सहभागी हुने, बिमस्टेक व्यापार सम्झौतासम्बन्धी वार्तामा सहभागी हुने, जिएसपी प्लस सुविधा सम्बन्धमा युरोपियन युनियनसँग वार्ता गर्ने, बिबिआइएनअन्तर्गतका संयन्त्रको बैठकमा सहभागी हुनेलगायतका योजना सरकारले अघि सारेको छ ।

बहुपक्षीय व्यापार प्रणालीको महत्तम उपयोगमा जोड दिइएको छ । विश्व व्यापार सङ्गठनमा वार्ताका क्रममा रहेका सम्झौताहरूमा

बाँकी तीन पृष्ठमा

# चीन भ्रमणमा ऋणसम्बन्धी कुनै सम्झौता हुँदैन : प्रधानमन्त्री

काठमाडौँ, १० मङ्सिर (रासस) ।

प्रधानमन्त्री केपी शर्मा ओलीले यही मङ्सिर १७ गतेदेखि हुने आफ्नो यस पटकको औपचारिक चीन भ्रमणका क्रममा ऋणसम्बन्धी कुनै सम्झौता नहुने बताउनुभएको छ ।

आसन्न चीन भ्रमणका सम्बन्धमा सोमबार पूर्वप्रधानमन्त्रीहरू र पूर्वपरराष्ट्रमन्त्रीहरूसँगको छलफलमा प्रधानमन्त्री ओलीले 'बेल्ट एण्ड रोड इनिसिएटिभ' ( बिआरआई) ऋणको परियोजना नभएको उल्लेख गर्दै चीनसँग ऋण लिने र नलिने भन्ने अहिले विवादको विषय नभएको स्पष्ट गर्नुभयो ।

"हामीलाई आवश्यक भएमा जुनसुकै मुलुक र निकायबाट राष्ट्रिय स्वार्थका आधारमा ऋण वा अनुदान लिन सक्छौँ । ऋणको पासोमा पार्न ऋण लिइँदैछ भनेर गरिने अनावश्यक हल्लामा हामी लाग्नु हुँदैन । चीनसँग हाम्रो लामो र मित्रवत् सम्बन्ध छ । दुई देशको मित्रतालाई थप बहुआयामिक बनाउन यो भ्रमण गर्न लागिएको हो", प्रधानमन्त्री ओलीले भन्नुभयो, "हामी पहिला जुन मुलुकको भ्रमणमा गए पनि देशको सार्वभौमिकता, स्वाधीनता र स्वतन्त्रता अन्तर्राराष्ट्रिय हितसहितको राष्ट्रहितलाई सर्वोपरि प्राथमिकतामा राख्छौं । त्यसकारण यो भ्रमण सफल हुन्छ । सरकारमा रहेका नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी (एमाले) का बीचमा भ्रमणका विषयमा विवाद छ भनेर भ्रम फिजाउनुको कुनै अर्थ छैन । विश्व शान्ति र नेपालको हितमा बाहेक हामी अरू कुनै काम गर्दैनौं । यसमा ढुक्क हुन आग्रह गर्दछु ।"

प्रधानमन्त्री ओलीले चीन भ्रमणमा विशेषगरी विगतमा भएका सहमति र सम्झौताको प्रभावकारी कार्यान्वयनका साथै प्रसारण लाइन विस्तार, नेपालको उत्पादन चीनमा निर्यात र अन्य सहयोगका विषयमा छलफल हुनेगरी तयारी भएको जानकारी दिनुभयो । उहाँले अर्को छिमेकी भारतसँग पनि उस्तै मित्रवत् सम्बन्ध रहेको स्पष्ट गर्दै दुई देशको मैत्री सम्बन्धको लाभ नेपालको आर्थिक विकासमा हुनेगरी लिन सक्नुपर्नेमा जोड दिनुभयो ।

नेपालका कार्यकारी प्रमुखको औपचारिक भ्रमण पहिला कुन मुलुकबाट गर्ने भन्ने यहाँको आवश्यकता र निर्णयका आधारमा हुने भएकाले यस्ता विषयलाई कुनै देशविरुद्ध 'कार्ड' का रूपमा कसैले लिन नहुने प्रधानमन्त्री ओलीले आग्रह गर्नुभयो ।

छलफलमा पूर्वप्रधानमन्त्री एवं नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले आफूले विगतमा पहिला चीन भ्रमण गरेर परम्परा तोडेको उल्लेख गर्दै आफूले चीन कार्ड खेल्न खोजेको भन्ने आशयले नभई मुलुकको राजनीतिक उतारचढावका विषयमा कार्ड खेल्न नहुने भनी अभिव्यक्ति दिएको स्पष्ट गर्नुभयो । उहाँले गत वर्ष आफू प्रधानमन्त्री हुँदा चीनसँग भएका सम्झौताहरूको प्रभावकारी कार्यान्वयनमा जोड दिनुभयो ।

परराष्ट्रमन्त्री डा आरजु राणा देउवाले चीन भ्रमणका सवालमा सत्तारूढ दुई दलीय संयन्त्रबाट 'एजेन्डा'का विषयमा गृहकार्य भइरहेको र प्रधानमन्त्री तहबाट चाँडै सबै एजेन्डालाई अन्तिम रुप दिइने बताउनुभयो । उहाँले यस विषयमा दुई दलमा बाहिर आए जस्तो कुनै विवाद नरहेको बताउनुभयो ।

छलफलमा नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा काठमाडौँ उपत्यकाबाहिर रहेका कारण अनुपस्थित हुनुहुन्थ्यो भने पूर्वप्रधानमन्त्रीद्वय झलनाथ खनाल र माधवकुमार नेपाल, मन्त्रिपरिषद्का पूर्वअध्यक्ष खिलराज रेग्मी, पूर्वपरराष्ट्रमन्त्रीहरू ईश्वर पोखरेल, नारायणकाजी श्रेष्ठ, भेषबहादुर थापा, एनपी साउद, महेन्द्रबहादुर पाण्डे, डा प्रकाशचन्द्र लोहनी, डा विमला राई पौड्यालगायत सहभागी हुनुहुन्थ्यो ।

## *वाणिज्य क्षेत्रका ...*

नेपालको हित हुने गरी वार्ता तथा पैरवी गर्ने, विकासशील राष्ट्रमा स्तरोन्नतिपश्चात् समेत अतिकम विकसित राष्ट्रको रूपमा हाल प्राप्त व्यापारजन्य सहुलियत एवम् सुविधाहरू निरन्तरताका लागि पहल गर्ने, प्रतिव्यक्ति आयको प्रावधान पूरा नभई स्तरोन्नति हुने एकमात्र मुलुक रहेको तथा सन् १९९० को मूल्यमा हालसम्म पनि नेपालको प्रतिव्यक्ति आय अमेरिकी डलर एक हजारभन्दा कम रहेकाले विश्व व्यापार सङ्गठनअन्तर्गतको 'एग्रिमेन्ट अन सब्सिडी एन्ड काउन्टरभेलिङ मेजर्स'को अनुसूची ७ मा निर्यात अनुदान सुविधा दिन पाउने राष्ट्रका रूपमा नेपाललाई समेत सूचीबद्ध गर्न पहल गर्नेलगायतका काम गर्नुपर्नेछ ।

व्यापार पूर्वाधार विकासतर्फ व्यापार गुरूयोजना तयार गर्ने, भैरहवा एकीकृत जाँच चौकीको र रसुवा सुक्खा बन्दरगाहको निर्माण सम्पन्न गर्ने, दोधारा चाँदनीमा सुक्खा बन्दरगाह निर्माण थाल्ने, कोरला नाकामा सुक्खा बन्दरगाह निर्माणको डिपिआर तयार गरी निर्माण कार्य सुरु गर्नेलगायत योजना सरकारका छन् । त्यस्तै, वीरगञ्ज एकीकृत जाँच चौकीमा पार्किङ र गोदाम तथा वीरगञ्ज आइसिडीमा कन्टेनर यार्ड निर्माण गर्ने तयारी छ । विराटनगर एकीकृत जाँच चौकीमा सडक, गोदाम र पार्किङ यार्ड निर्माण गर्नुपर्नेछ ।

निर्यात प्रवर्द्धनका लागि नेपाल विकासशील राष्ट्रमा स्तरोन्नति भएपश्चात् व्यापारमा पर्ने असर न्यूनीकरणका लागि रणनीति तर्जुमा गरी कार्यान्वयनमा ल्याउनुपर्नेछ । विश्व व्यापार सङ्गठनमा हुने व्यापार नीति पुनरावलोकनका लागि नेसनल कन्ट्री रिपोर्टको मस्यौदा तयार पार्ने नेपाल व्यापार एकीकृत रणनीतिले पहिचान गरेका वस्तुको मूल्य अभिवृद्धि गरी निर्यात प्रतिस्पर्धी बनाउने, नेपाली वस्तुको निर्यात प्रवर्द्धनका कार्यक्रम सञ्चालन गर्ने, केही प्रमुख मुलुकका गैरआवासीय नेपाली सम्बन्धित संस्थासँग निर्यात प्रवर्द्धन तथा प्रत्यक्ष वैदेशिक लगानी सम्बन्धमा भर्चुअल माध्यमद्वारा अन्तरक्रिया गर्नेलगायत काम सरकारले गर्नुपर्नेछ ।

बहुविधिक ढुवानी ऐन र नियमावली संशोधनका लागि मस्यौदा तयार गरी मन्त्रिपरिषदमा पेस गर्नुपर्नेछ । नेपाल इन्टरमोडल यातायात विकास समिति, व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र र नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेडको संस्थागत संरचना, कार्यक्षेत्र तथा सङ्गठन तथा व्यवस्थापन पुनरावलोकन आवश्यक छ । नियमावली तथा कार्यविधिमार्फत व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रको संस्थागत सुदृढीकरण गर्ने, व्यापार सूचना र अन्तर्राष्ट्रिय बजार तथा गन्तव्य बजारका शर्तको विश्लेषण गरी व्यापार इन्टेलिजेन्सको प्रभावकारिता बढाउनुपर्नेछ ।

वस्तु तथा सेवाको विकास र मूल्य अभिवृद्धि गर्ने, विद्युतीय प्रणालीमार्फत व्यापार सहजीकरणलाई स्वचालित बनाउने, व्यापार तथा निकासी प्रवर्द्धन सम्बद्ध पूर्वाधारमा लगानी बढाउनेलगायत कार्यमा तिव्रता दिनुपर्नेछ । निर्यात सहयोगी वित्त लगानी प्रवर्द्धधन गर्ने, व्यापार क्षमता अभिवृद्धि गर्न निजी क्षेत्रलाई तालिम उपलब्ध गराउनेजस्ता कार्यमा पनि जोड दिन आवश्यक छ ।

नेपालमा आयात हुने तथा नेपालबाट निर्यात हुने विशिष्ट र संवेदनशील वस्तुको आयात-निर्यात व्यवस्थापन र नियमनका लागि लिनुपर्ने रणनीति पहिचान गर्न विस्तृत अध्ययन गर्ने योजना छ । साफ्टा कार्यान्वयनबाट नेपालको अर्थतन्त्रमा परेको प्रभाव अध्ययन गर्ने, भारतीय आन्तरिक जलमार्ग प्रयोगको सम्भावना पहिचान गर्न भारतीय सरोकारवाला अपरेटरसँग छलफल गर्ने, कोलकातादेखि नेपालसम्म ट्रक दुवानी सेवा सञ्चालनको व्यापारिक ढाँचा तयार गर्नेलगायतका विषय पनि उत्तिकै प्राथमिकतामा छन् ।

आर्थिक नीतिहरूमा पूनरावलोकन आवश्यक छ । स्वदेशी उत्पादन अभिवृद्धि र निर्यात प्रवर्द्धनमूलक कर तथा भन्सार नीति लागू गर्न पहल गर्ने, व्यापार वार्ता तथा सम्झौतामा राजस्व मात्र नभई समग्र अर्थतन्त्र विशेषगरी औद्योगिकीकरण निर्यात प्रवर्द्धन तथा रोजगारी सिर्जनामा पर्ने प्रभावलाई महत्व दिने गरी व्यवस्था गर्नुपर्नेछ । कृषि, गैरकृषि र सेवा क्षेत्रमा आधुनिक प्रविधिको उपयोग गर्न सहजीकरण तथा प्रोत्साहन गर्ने तवरले भन्सार तथा कर नीतिको व्यवस्था गर्न पहल गर्न पनि उत्तिकै आवश्यक छ ।

औद्योगिकीकरण र निर्यात प्रवर्द्धनमा योगदान पुग्ने गरी बजेट विनियोजन गर्न पहल गर्ने, स्तरोन्नतिका सन्दर्भमा चुनौतीको सामना गर्दै निर्यात प्रवर्द्धन गर्न छुट्टै रणनीतिक दस्तावेज तयार पार्ने, सम्बन्धित कूटनीतिक नियोगले आर्थिक कूटनीति प्रवर्द्धनमा काम गर्न उत्प्रेरित र निर्देशित गर्ने, व्यापार तथा आर्थिक मामिलाको विषयमा कर्मचारीलाई तालिम तथा अभिमुखीकरण दिने, निर्यात प्रवर्द्धनका आधारमा नियोग प्रमुखको कार्यसम्पादन मूल्याङ्कन हुने प्रणाली अवलम्बन गर्न पहल गर्नेलगायतका काम गर्न उत्तिकै जरुरी छ । कूटनीतिक नियोगले गरेको प्रवर्द्धनात्मक गतिविधि तथा निर्यात वृद्धिलाई आधार बनाई आर्थिक कूटनीतिसम्बन्धी बजेट विनियोजन व्यवस्थाका लागि पहल गर्न पनि आवश्यक छ ।

सस्तो लोकप्रियतामार्फत नकारात्मकता फैलाउने र यो देशमा केही गर्न सकिँदैन भन्ने भास्य निर्माण गरी अराजकता सिर्जना गर्न केही तत्व सुनियोजित रूपमा पछिल्लो समय नेपाली समाजमा सक्रिय रहेको पाइन्छ । तर, अहिले समाजमा देखापरेका विभिन्न अफवाह र भ्रमका बाबजुद उद्योग मन्त्रालयले केही महत्त्वपूर्ण र दूरगामी योजनामार्फत समग्र नेपालको वाणिज्य क्षेत्रको सुधारको कार्ययोजना नै बनाएर प्रधानमन्त्री केपी शर्मा ओलीको 'समृद्ध नेपाल, सुखी नेपाली'को राष्ट्रिय आकाङ्क्षा पूरा गर्न मन्दीदेखि समृद्धितर्फको यात्रा तय गरेको छ । चरम निराशामा व्याप्त नेपाली समाजलाई परिणाममार्फत आशामा परिणत गर्न अहिलेको मुख्य चुनौती हो । हरेक राजनीतिकर्मी र राष्ट्रसेवक कर्मचारीले इमान्दारीपूर्वक सेवा प्रवाहमा केन्द्रित भई कार्यसम्पादन गर्ने हो भने छोटो समयमा नै ठोस उपलब्धिसहित समाजमा व्याप्त निराशालाई चिर्दै आशाका सुनौला किरण छर्न सकिन्छ । *( लेखक उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीका स्वकीय सचिव हुनुहुन्छ)*

# विश्व समाचार

## सन् २०२३ को अक्टोबर देखि एघार हजार भन्दा बढी प्यालेस्टिनी हिरासतमा

रामल्ला, १० मङसिर (रासस/क्यूएनए) ।

सन २०२३ अक्टोबर-७ देखि इजरायलको जेलमा वेस्ट ब्याङ्क र जेरुसेलमका प्यालेस्टिनीहरूको सङ्ख्या बढेर एघार हजार ८०० भन्दा बढी पुगेको छ, जसमा ४३५ जना महिला ७७५ बालबालिका र १३६ पत्रकारहरू रहेका छन् । बन्दी मामिला आयोग, प्यालेस्टिनी प्रिजनर्स क्लब, र प्रिजनर सपोर्ट एन्ड ह्युमन राइट्स एसोसिएसन (एडडमीर) ले संयुक्त विज्ञप्तिमा प्यालेस्टिनीमाथि इजरायली आक्रमण सुरु भएदेखि प्रशासनिक नजरबन्द आदेश दश हजार नाघेको जनाएका छन् । जसमा नवीकरण आदेशहरू केही बालबालिका तथा महिलाहरू विरुद्ध जारी गरिएको थियो ।

विज्ञप्ति का अनुसार अक्टोबर -७ देखि कम्तिमा ४५ कैदीहरू इजरायली जेलहरूमा शहीद भएका छन्, जसमा गाजाका २७ जना शहीदहरू पनि छन् । यसै गरी धेरै जना हिरासतमा शहीद भएकोहरुको इजरायली अधिकारीहरूले पहिचान गरेका छैनन् भने दर्जनौंलाई मृत्युदण्ड दिइएको छ । आधिकारिक रूपमा घोषणा गरिएका ४३ जना शहीदको शव, अझै पनि इजरायली अधिकारीहरूले गुपचुप विज्ञप्तिमा राखेको उल्लेख गरिएको छ । बन्दीहरूमा आक्रमण सुरु भएदेखि नै उनीहरूको घर तथा सैन्य चौकीहरूमा पक्राउ परेका, दबाबमा आत्मसमर्पण गरेका र बन्धकको रूपमा राखिएका व्यक्तिहरू समावेश छन् ।

## इजरायली हमलामा दर्जनौंको मृत्यु

बेरुत (लेबनान) १० मङसिर (रासस/एएनआई) ।

लेबनानमा भएको इजरायली हमलममा दर्जनौं मानिसहरुको मृत्यु भएको जनाइएको छ । जसमा मध्ये बेरुतको बास्टा क्षेत्रको बहुमंजिला आवासीय भवनमा भएको हमलामा २९ जनाको मृत्यु भएको छ । इजरायली सेनाका अनुसार बेरुतको दहिहमाद सेनाले १२ वटा हिजबुल्लाह कमाण्ड सेन्टरमा आक्रमण गरेको थियो । हिजबुल्लाहको इन्टेलिजेन्स युनिट, कोस्ट-टु-सी मिसाइल युनिट र युनिट-४४००-सिरिया हुँदै इरानबाट लेबनानमा हतियार तस्करीका लागि सक्रिय छन् । सेनाले यी कमान्ड सेन्टरहरू इजरायल विरुद्ध आतङ्कवादी आक्रमणको योजना बनाउन, कार्यान्वयन गर्न र दक्षिणी लेबनानमा सक्रिय सैनिकहरू विरुद्धको आतङ्कवादी गतिविधिको निगरानी गर्न प्रयोग गरिएको जनाएको छ ।

यसैबीच, लेबनानको स्वास्थ्य मन्त्रालयले मृत्यु हुनेको सङ्ख्या वृद्धि भई २० जना पुष्टि भएको तथा मृतकको सङ्ख्या बढ्न सक्ने रिपोर्ट गरेको छ । युद्धविराम प्रयासका बावजुद इजरायलले हिजबुल्लाह विरुद्ध आफ्नो सैन्य अभियान जारी राख्दा बेरुतमा हवाई आक्रमण भएको हो । सेनाले हमला बेरुतको दक्षिणी उपनगरहरूमा हिजबुल्लाहका स्थानहरूलाई लक्षित गरी गरेको पुष्टि गरेको छ । यस अघीनै इजरायली सेनाले नागरिक क्षति कम गर्न ,भवनहरू खाली गर्ने आदेश जारी गरेको थियो । गत आइतबारको हवाई आक्रमणमा हिजबुल्लाहका प्रवक्ताको मृत्यु भएपछि मध्य बेरुतमा इजरायली हवाई आक्रमणमा वृद्धि भएको सिएनएनले जनाएको छ ।

इजरायली हवाई आक्रमणले पूर्वी लेबनानको बालबेक-हर्मेल क्षेत्रमा पनि प्रहार गरेको छ, जहाँ चार बालबालिका सहित कम्तिमा १३ जनाको मृत्यु भएको छ भने १३ जना घाइते भएका छन् । आक्रमणले लेवनान वपरका क्षेत्रमा कम्तिमा ११ जनाको मृत्यु हुनुका साथै ३२ जना घाइते भएका छन् भने टायर सहर लक्षित आक्रमणमा पाँच जनाको मृत्यु तथा १९ जना घाइते भएका थिए । सेप्टेम्बरदेखि, इजरायली हवाई आक्रमणले धेरै हिजबुल्लाह कमान्डरहरूको नरसंहार गर्नुका साथै मुख्य पूर्वाधार लक्षित गर्दा दक्षिणी लेबनानमा व्यापक विनाश निम्त्याएको छ । संयुक्त राष्ट्रसङ्घका अनुसार लेबनानमा द्वन्द्वका कारण तीन हजार भन्दा बढी मानिसहरुको मृत्यु भएको छ भने दश लाखभन्दा बढी विस्थापित भएका छन् ।

## युक्रेनद्वारा रूसी तेल तथा उर्जा केन्द्रमा प्रहार

युक्रेन, १० मङसिर (रासस/एएफपी) ।

युक्रेनले सोमबार रूसी क्षेत्र कालुगाको इन्धन तथा ऊर्जा सुविधामा ड्रोन हमला गरेको युक्रेनी सैन्य गुप्तचरको स्रोतले जनाएको छ । युक्रेनी सहर खार्किभका अधिकारीहरूले रूसको सीमा नजिकैको सहरको केन्द्रमा रूसी क्षेप्यास्त्र प्रहारबाट १९ जना घाइते भएको बताएका छन् । पछिल्लो समयमा मस्को र किएभले सीमापार ड्रोन तथा क्षेप्यास्त्र आक्रमणलाई तीव्र बनाइरहेका छन् । रूसले गत हप्ता युक्रेनमा नयाँ ओरेसनिक क्षेप्यास्त्र प्रक्षेपण गरेको छ । "युक्रेनको डिफेन्स इन्टेलिजेन्स" को अपरेसन परिणाम स्वरूप, रूसको कालुगा क्षेत्र स्थित इन्धन तथा ऊर्जा सुविधामा रातारात आक्रमण भएको स्रोतले जनाएको छ ।

कालुगाका रूसी गभर्नरले यस क्षेत्रमा हवाई रक्षा प्रणालीले आठवटा ड्रोन खसाल्दा एउटा "औद्योगिक उद्यम" मा आगलागी भएको पुष्टि गरेको बताउनु भएको छ । स्रोतका अनुसार "आक्रमणको लक्ष्य कालुगानेफ्टप्रोडक्ट जेएससीको तेल डिपो थियो, जुन युक्रेनविरुद्ध रूसको सशस्त्र आक्रमणलाई समर्थन गर्नका लागि प्रयोगमा छ ।

यसै क्रममा रूसी राष्ट्रपति भ्लादिमिर पुटिनले गत हप्ता निप्रो सहरमा गरिएको आक्रमण सबैभन्दा नयाँ रूसी मध्य-दूरी मिसाइल प्रणाली मध्ये एक रहेको बताउदै त्यस्ता थप "परीक्षणहरू" गर्ने वाचा गर्नु भएको छ ।

# राप्रपा उम्मेदवारको उम्मेदवारी कायमै

दैनिक समाचारदाता
राजविराज, १० मंसिर ।

डाक्नेश्वरी नगरपालिकामा मंसिर १६ गते हुन लागेको उपनिर्वाचनमा वडा नं. ४ बाट राष्ट्रिय प्रजातन्त्र पार्टीका तर्फबाट वडा अध्यक्ष पदका लागि उम्मेदवारी दर्ता गराएका उम्मेदवारको उम्मेदवारी कायमै रहेको छ ।

जिल्ला निर्वाचन अधिकारी रमेश कुमार जोशीले राप्रपाका तर्फबाट वडा नं. ४ को अध्यक्ष पदमा रामकुमार यादवको उम्मेदवारी कायमै रहेको जानकारी दिएका छन् ।

जिल्ला अधिकारी जोशीका अनुसार उम्मेदवारी फिर्ता लिने दिन मंसिर ५ गते वडाअध्यक्ष पदका उम्मेदवार यादवले उम्मेदवारी फिर्ता लिने भन्दै आफ्नो हस्ताक्षरसहितको आवेदन फारम भरेर ल्याएपनि प्रक्रिया पु्र्याएर नआएकाले उनको उम्मेदवारी कायमै रहेको बताए ।

"पार्टीबाट उम्मेदवारी दर्ता गराएका व्यक्तिले पार्टीकै सिफारिसमा उम्मेदवारी फिर्ता लिएको आवेदन फारम भर्नुपर्छ, तर यादवले सो प्रक्रिया पुरा गर्न नसकेका कारण उनको उम्मेदवारी कायमै राखिएको छ ।" उनले भने ।

यादवको उम्मेदवारी कायमै रहेपनि वडा नं. १ बाट स्वतन्त्र उम्मेदवारी दिएका अर्का उम्मेदवार सियाकान्त चौधरीले प्रक्रिया पुरा गरेर उम्मेदवारी फिर्ता लिएकाले चौधरीको उम्मेदवार सूचीबाट नाम हटाइएको र अब उक्त पालिकाको वडा नं. १ र ४ मा हुने उपनिर्वाचनमा विभिन्न दलका १५ र एक स्वतन्त्र गरि १६ जना मात्र उम्मेदवार कायम रहेको जिल्ला निर्वाचन कार्यालय सप्तरीले जनाएको छ ।

# संघीय लोकतन्त्र अझ मजबुत बनाउन जरुरी छ : सभापति देउवा



दैनिक समाचारदाता
जनकपुरधाम १० मंसिर ।

नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले जनतालाई अझ बढी अधिकार सम्पन्न बनाउनु सबैको कर्तव्य भएको बताएका छन् ।

जनकपुरधाम उपमहानगरपालिका-२५, लोहनामा नेपाली कांग्रेसका नेता एवं राष्ट्रियसभाका पूर्वसदस्य स्व अरविन्द ठाकुरको अर्धकदको प्रतिमा सोमबार अनावरण गर्दै उनले यस्तो बताएका हुन् ।

पूर्व प्रधानमन्त्री समेत रहेका सभापति देउवाले संघीय लोकतन्त्रलाई अझ मजबुत बनाउनुपर्ने बताउँदै नेपाली कांग्रेसले नै मुलुकमा विकासका ठूला परियोजनाको निर्माण गर्नुका साथै जनताको अधिकार प्राप्तिमा योगदान पुर्याएको उल्लेख गरे ।

विभिन्न कालखण्डमा सहिद भएका तथा जेलनेलसहित यातना पाएका योद्धाहरुका कारण देश परिवर्तन भएको उल्लेख गर्दै प्रजातान्त्रिक आन्दोलनको क्रममा सहिद भएकाहरुले देखाएको बाटोमा सबै हिंड्न जरुरी रहेको उनको भनाइ थियो ।

लोकतान्त्रिक सरकारलाई अपदस्त गरेका राजा महेन्द्रमाथि कांग्रेसको सशस्त्र आन्दोलनका क्रममा बम प्रहार गर्न खटिएर पक्राउ परी १६ वर्षसम्म कठोर जेलजीवन बिताउनुभएका प्रजातान्त्रिक योद्धा स्व ठाकुर जस्ता नेताकै कारण मुलुकमा संघीय लोकतन्त्र प्राप्त भएको उनले बताए ।

नेपाली कांग्रेस धनुषाका सभापति योगेन्द्र पञ्जियारको अध्यक्षतामा सम्पन्न कार्यक्रममा सहमहामन्त्री महेन्द्र यादव, कांग्रेसका नेता आनन्दप्रसाद ढुङ्गाना, नेता विमलेन्द्र निधि, केन्द्रीय सदस्य मिनाक्षी झा, स्वर्गीय ठाकुरका छोरी एवं संविधानसभाका सदस्य रश्मी ठाकुर, नेपाली कांग्रेस प्रदेश सभापति कृष्णप्रसाद यादव, पूर्वमन्त्री रामसरोज यादव, जनकपुरधाम उपमहानगरपालिका प्रमुख मनोजकुमार साहलगायतले मन्तव्य दिएका थिए ।

# आठ जना एसएसपीलाई डिआइजीमा बढुवाका लागि सिफारिस

काठमाडौँ, १० मङ्सिर (रासस) ।

नेपाल प्रहरीका आठ प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी)लाई प्रहरी नायब महानिरीक्षक (डिआइजी) मा बढुवाका लागि सिफारिस गरिएको छ ।

गृहमन्त्रालय बढुवा समितिको सचिवालयको आइतबार बसेको बैठकले प्रहरीका आठ एसएसपीलाई डिआइजीमा बढुवाका लागि सिफारिस गरिएको हो । बढुवा सिफारिस हुने एसएसपीमा ध्रुवराज राउत, भोलाबहादुर रावल, गणेश चन्द, सिद्धिविक्रम शाह, सुशीलसिंह राठौर, उमाप्रसाद चतुर्वेदी, हिमालयकुमार श्रेष्ठ र डम्बरबहादुर विक हुनुहुन्छ ।

बढुवा समितिले प्रहरी नियमावली, २०७१ (संशोधन सहित)को नियम २७ को उपनियम (४) अनुसार बढुवा गरिएको बढुवा समितिका सदस्यसचिव एवं प्रहरी अतिरिक्त महानिरीक्षक टेकप्रसाद राईले जानकारी दिनुभयो ।

# उच्चस्तरीय शासकीय सुधार सुझाव आयोग गठन गर्ने तयारी

काठमाडौँ, १० मङ्सिर (रासस) ।

सरकारले उच्चस्तरीय शासकीय सुधार सुझाव आयोग गठनको तयारी गरेको छ । अघिल्लो हप्ता बसेको राष्ट्रिय विकास समस्या समाधान समिति (एनडेक)को ५३औँ बैठकले आयोग गठनको तयारी गर्न निर्देशन दिएको हो ।

"सार्वजनिक प्रशासनलाई कम खर्चिलो, ठिक आकारको, जवाफदेही र सक्षम बनाउन नियुक्ति, सरुवा, बढुवा, पदस्थापना, अधिकार प्रत्यायोजन, कार्यसम्पादन मूल्याङ्कन, अध्ययन तालिमलगायत समग्र वृत्ति विकास चक्रका प्रणालीमा गर्नुपर्ने सुधारका विषयहरू पहिचान गरी शासकीय सुधारको सिफारिसका लागि उच्चस्तरीय शासकीय सुधार सुझाव आयोग गठन गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले आवश्यक प्रक्रिया अगाडि बढाउने", एनडेकको ५३औँ बैठकको निर्णयमा उल्लेख छ ।

त्यस्तै, सरकारले लागु गरेको अनिवार्य तथा निःशुल्क शिक्षा कार्यान्वयन योजनाअनुसार माध्यमिक तहको प्रारम्भिक कक्षा अर्थात् कक्षा नौ को रजिस्ट्रेसन शुल्क नलिने प्रबन्ध तीन महिनाभित्र मिलाउन शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई निर्देशन दिइएको छ । मौजुदा वन नियमावली संशोधनका लागि तीन महिनाभित्र मस्यौदा तयार पारेर प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गर्न पनि एनडेकले निर्देशन दिएको छ ।

निजी क्षेत्रको लगानीबाट कार्यान्वयन हुने आयोजनामा वन क्षेत्रको जग्गा उपयोगका लागि राष्ट्रिय योजना आयोगको सिफारिस आवश्यक नपर्ने व्यवस्थाका लागि 'आयोजना वर्गीकरणको आधार तथा मापदण्ड, २०८०' मा भएका प्रावधान संशोधन गर्न बैठकले निर्देशन दिएको छ । यस्तै, सङ्घीय समपूरक तथा विशेष अनुदान सम्बन्धी मौजुदा कार्यविधि संशोधनका लागि तीन महिनाभित्र मस्यौदा तयार पारी मन्त्रिपरिषद्मा पेश गर्ने निर्णय पनि एनडेकले गरेको छ ।

### भन्सार दर ...

सोमबार रू एक हजार आठ सय ४५ कायम भएको छ । प्रतितोला रू एक सय १५ घटेको हो ।

सुन आयातमा २० प्रतिशत भन्सार लाग्दै आएकामा त्यसलाई घटाएर १० प्रतिशत बनाइएको छ । त्यस्तै, चाँदीको १५ प्रतिशत भन्सार लाग्ने गरेकामा त्यसलाई पनि पाँच प्रतिशत बिन्दुले घटाएर १० प्रतिशत कायम गरिएको छ । उच्च भन्सार दरका कारण भारतबाट नेपालमा सुन तस्करी भएको भन्दै सरकारले भन्सारदर घटाएको थियो ।

# संयुक्त निर्वाचन सञ्चालन केन्द्र स्थापना

काठमाडौँ, १० मङ्सिर (रासस) ।

आसन्न उपनिर्वाचनका क्रममा आइपर्ने समस्या तत्काल समाधान गर्ने उद्देश्यले सोमबारदेखि निर्वाचन आयोगमा संयुक्त निर्वाचन सञ्चालन केन्द्र स्थापना गरिएको छ ।

आयोगका सचिव रविलाल पन्थको संयोजत्वमा सञ्चालित केन्द्रबाट आयोगका निर्णयको कार्यान्वयन अवस्था, आचारसंहिताको पालना र उल्लङ्घनका विषयमा परेका उजुरी एवम् प्राप्त जानकारी र निर्वाचन व्यवस्थापनका विभिन्न पक्षबारे नियमित रूपमा जानकारी लिई तत्काल समस्या समाधान गरिने जनाइएको छ । निर्वाचन परिणाम घोषणा नभएसम्म केन्द्र सञ्चालनमा आउने आयोगका प्रवक्ता नीता पोखेल अर्यालले जानकारी दिनुभयो ।

आयोगका सहसचिव नारायणप्रसाद सापकोटा, गृह मन्त्रालयका सहसचिव ऋषिराम तिवारी, नेपाली सेनाका महासेनानी सुवास खड्का, राष्ट्रिय अनुसन्धान विभागका सहअनुसन्धान निर्देशक नरेशबहादुर शाह, नेपाल प्रहरीका प्रहरी वरिष्ठ उपरीक्षक दीपक रेग्मी, सशस्त्र प्रहरी बल नेपालका सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक दिग विजय सुवेदी तथा आयोगका उपसचिवद्वय दुर्गाप्रसाद चालिसे र डा थानेश्वर भुसाल केन्द्रको सदस्य रहनुभएको छ । यही मङ्सिर १६ गते आइबार स्थानीय तहका रिक्त ४४ पदमा निर्वाचन हुँदैछ ।

### अपाङ्गता भएका ...

ज्ञानेन्द्र कुमार झाले जानकारी दिए ।

उक्त तालिममा सप्तरीका अतिरिक्त चितवनबाट समेत बौद्धिक अपाङ्गता अभिभावक संघका अध्यक्ष निर्मल कुमार श्रेष्ठको नेतृत्वमा ९ जना सहभागी हुन आएको शाखा सप्तरीका कार्यवाहक अध्यक्ष राजेश परियारले जानकारी दिए ।

# चिसोबाट बचाउने पूर्वतयारी गर्न एमाले विपद् व्यवस्थापन विभागको प्रधानमन्त्रीलाई आग्रह

काठमाडौँ, १० मङ्सिर (रासस) ।

प्रधानमन्त्री केपी शर्मा ओलीलाई नेपाल कम्युनिष्ट पार्टी (एमाले) को केन्द्रीय विपद् व्यवस्थापन तथा स्वयंसेवा विभागले तराई मधेश र देशका अन्य भेगका नागरिकलाई चिसो मौसममा ठण्डीबाट बचाउने पूर्वतयारी गर्न सोमबार ध्यानाकर्षणपत्र बुझाएको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा विभागका प्रमुख खिमलाल भट्टराईसहितको टोलीले जाडोको समयमा न्यानो कपडा र दाउराको अभावमा देशभरका नागरिकलाई बढी पीडा दिने गरेको सन्दर्भमा पूर्वतयारी गर्न प्रधानमन्त्री ओलीसमक्ष गरेको हो ।

ध्यानाकर्षणपत्रमा गत असोज ११ र १२ गते गएको अविरल वर्षाका कारण काठमाडौँ उपत्यकाका साथै सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, रामेछाप, दोलखा, सिन्धुलीलगायत जिल्लामा धेरै बस्ती डुबान र पहिरोमा परेकाले प्राकृतिक प्रकोपबाट उठीबास भएकाहरूलाई जाडो समयमा थप सुरक्षा प्रबन्ध गर्न राज्यका सम्बन्धित निकाय तथा संस्थाहरू लाग्नुपर्ने ध्यानाकर्षणपत्रमा उल्लेख छ ।

प्रधानमन्त्री ओलीले उक्त ध्यानाकर्षणपत्रलाई गृह मन्त्रालयमार्फत सम्बन्धित निकायमा सम्बोधनका लागि तत्काल पठाइने उल्लेख गर्दै विपद्को पूर्वतयारी र विपद्पछिको खोज, उद्धारमा लाग्नुपर्नेमा जोड दिनुभयो ।

# बाल क्यान्सरको निःशुल्क उपचार गरिँदै

चितवन, १० मङ्सिर (रासस) ।

बिपी कोइराला मेमोरियल बाल क्यान्सर अस्पतालमा निःशुल्क उपचार सुरु गरिएको छ । अस्पतालले विगतमा शय्या, खाना, रेडियो थेरापी निःशुल्क गर्दै आएकामा अब केमोलगायत औषधिसमेत निःशुल्क गर्न सुरु गरेको हो ।

अस्पतालका कार्यकारी निर्देशक डा शिवजी पौडेलका अनुसार डिसेम्बरको अन्तिमसम्म विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ)बाट केमो सहितका ३५ वटा बाल क्यान्सरका औषधि निःशुल्क आउँदैछन् । ती औषधि नआउँदासम्म अहिले अस्पतालले नै औषधि उपलब्ध गराउदै आएको छ । उहाँले भन्नुभयो, "मन्त्रालयले स्रोत सुनिश्चितता गरेकाले हामीले औषधिसमेत सम्पूर्ण उपचार निःशुल्क सुरु गरेका छौं ।"

अस्पतालका उपनिर्देशक डा उमेश नेपालले यस अस्पतालमा बाल क्यान्सरका बिरामीको चाप अत्यधिक हुने गरेको जनाउँदै भन्नुभयो, "धेरै बिरामी हुन्छन्, निःशुल्क गर्दा अस्पताललाई ठूलो भार हुन्छ भनेपछि स्वास्थ्य मन्त्रालयले स्रोतको सुनिश्चितताको प्रतिबद्धता दियो ।" पछि सोधभर्ना हुनेगरी अहिले अस्पतालले नै केमोलगायत औषधिको व्यवस्थापन गरेको उपनिर्देशक डा नेपालको भनाइ छ ।

अस्पतालका बाल क्यान्सर रोग विशेषज्ञ डा कृष्णसागर शर्मा सुरुकै अवस्थामा बाल क्यान्सर पत्ता लाग्यो भने निको बनाउन सकिने बताउनुहुन्छ । नेपालमा बर्सेनि एक हजार पाँच सय हाराहारी नयाँ बाल क्यान्सरका बिरामी हुन्छन् भन्ने अनुमान रहेको उहाँको भनाइ छ । तीमध्ये आधा मात्रै उपचारको पहुँचमा आउने गरेको उहाँले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "कतिपय बालबालिकाले क्यान्सर पत्ता नलागी ज्यान गुमाएका हुन्छन्, कतिपय विदेशमा गएर उपचार गराएका छन्, तर ५० प्रतिशत बालबालिका क्यान्सर अस्पतालको पहुँच बाहिर रहेको अनुमान गरिएको छ ।" बाल क्यान्सरको उपचार पूर्ण निःशुल्क भएसँगै पहुँच बाहिर रहेका बालबालिका पनि उपचारको पहुँचमा आउने उहाँले विश्वास व्यक्त गर्नुभयो ।

## डेंगुबाट बचौं

- उच्च ज्वरो आउनु
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु
- आँखाको गेडी दुख्नु
- अत्याधिक टाउको दुख्नु
- शरीरमा राता बिमिराहरु आउनु
- वाकवाकी लाग्नु वा बान्ता हुनु

यस्ता लक्षणहरु देखापरेमा डेंगी हुन सक्छ । तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं ।

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*